# याक्थुङ सहयोग कोष
## नियमावली २०६२
(पहिलो संसोधनसहित)

## प्रस्तावना :

नेपाल एक बहुजाति, बहुभाषी, बहुधार्मिक र बहुसंस्कृतिपूर्ण अधिराज्य भएको र त्यस मध्ये किरात याक्थुङ (लिम्बू) समुदाय पनि आफ्नो धर्म, भाषा, लिपि, संस्कृति, कला र इतिहास बोकेको समुदाय विशेष हुँदा हुँदै पनि आर्थिक विपन्नता, विवशताको कारण देश, विदेश रोजगारीका लागि प्रवासिन परेको र यसरी चारैतर्फ तितरबितर भै रहन, बस्नको कारण आफ्नो भाषा, धर्म, संस्कृति, कला र इतिहासमा वाञ्छित योगदान पुग्न नसकिरहेको पृष्ठभूमिमा याक्थुङ (लिम्बू) समुदाय देश, विदेशमा रहे, बसे भए पनि उनीहरू सबैको संगठित योगदान जुटाउन समयोचित एवं वाञ्छनीय भएकोले,

देश, विदेशबाट जुट्ने, जुट्न सक्ने योगदान, सहयोगलाई संस्थागत गर्न र किरात याक्थुङहरूको विकास, संरक्षण र सम्बर्द्धनका खातिर गर्ने गरिने कुनै पनि प्रयासहरूलाई किरात याक्थुङ चुम्लुङकै मातहतमा रहेर गर्नु गरिनु उपयुक्त एवं संस्थागत हुने हुनाले,

जापानमा गई वैदेशिक रोजगारी गरी बस्ने याक्थुङ (लिम्बू)हरुद्वारा सदिच्छा स्वरुप स्वेच्छिक संकलित रकम नेपालमा याक्थुङ समुदायका गरीब तथा जेहेन्दार विद्यार्थी छात्रवृत्ति, घरेलु कृषि तथा र लिम्बू एवम लिम्बुवान सम्बन्धी खोज कार्यको लागि विद्वतवृत्तिमा आर्थिक सहयोग पुरयाउने अभिप्रायले किरात याक्थुङ चुम्लुङको विधान, २०४६ को धारा ६० (क) अन्तर्गत “याक्थुङ सहयोग कोष” नियमावली २०६२ जारी गरिएको छ । (मिति २०६६ साउन ११ गते किरात याक्थुङ चुम्लुङको निर्णय अनुसार पहिलो संसोधन गरी लागू गरिएको ।)

## परिच्छेद १
## प्रारम्भिक

१. क. संस्थाको नाम : यस संस्थाको नाम लिम्बू भाषामा , खस भाषामा “याक्थुङ सहयोग कोष” र अंग्रेजीमा YAKTHUNG WELFARE FUND भनिनेछ । संक्षेपमा लिम्बू भाषामा, खस भाषामा “यासको” र अंग्रेजीमा “YWF” रहनेछ ।

ख. यो संस्था किरात याक्थुङ चुम्लुङले प्रस्तुत नियमावली स्वीकृति प्रदान गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

क. “विधान” भन्नाले “किरात याक्थुङ चुम्लुङको विधान २०४६” लाई सम्झनुपर्छ ।

ख. “कोष” भन्नाले याक्थुङ सहयोग कोषलाई सम्झनुपर्छ ।

ग. “याक्थुङ” भन्नाले नेपाली मूलका विभिन्न आदिवासी जनजातिहरू मध्ये लिम्बू समुदायलाई सम्झनुपर्छ ।

घ. “नियमावली” भन्नाले याक्थुङ सहयोग कोष नियमावली, २०६२ लाई सम्झनुपर्छ।

ङ. “सञ्चालक समिति” भन्नाले यस नियमावली बमोजिम गठित हुने समितिलाई सम्झनुपर्छ।

च. तोकिए वा तोकिए बमोजिम भन्नाले नियमावली वा संचालक समिति वा विनियमले तोके वा तोकिए बमोजिम सम्झनुपर्छ।

३. कार्यालय, छाप तथा प्रतिकचिन्ह :

क. कार्यालय संचालक समितिले तोके बमोजिमको स्थानमा रहनेछ।

ख. छाप र प्रतिकचिन्ह अनुसूचि १ मा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद २
## उद्देश्य, काम, कर्तव्य र अधिकार

४. उद्देश्य :

क. गरीब तथा जेहेन्दार याक्थुङ विद्यार्थीहरूलाई छात्रवृति प्रदान गर्ने।

ख. गरीब याक्थुङ परिवारजनहरूमा घरेलु, कृषि तथा पशुपालनमा आर्थिक सहयोगगर्ने।

ग. लिम्बू तथा लिम्बुवान सम्बन्धी अनुसन्धानको कार्यमा आर्थिक सहयोग गर्ने।

५. कोषको काम, कर्तव्य र अधिकार :

क. गरीब तथा जेहेन्दार याक्थुङ विद्यार्थीहरूलाई छात्रवृति प्रदान गर्ने मापदण्ड निर्धारण गरी वितरण गर्ने गराउने।

ख. गरीब याक्थुङहरूलाई घरेलु, कृषि तथा पशुपालनमा आर्थिक सहयोग गर्ने मापदण्ड निर्धारण गरी सहयोग उपलब्ध गर्ने गराउने।

ग. लिम्बू तथा लिम्बुवान सम्बन्धी अनुसन्धानको कार्य गर्न मापदण्ड निर्धारण गरी विद्वतवृत्ति वितरण गर्ने गराउने।

## परिच्छेद ३
## सदस्यता सम्बन्धी व्यवस्था

६. सदस्यता प्राप्ति :

क) १६ वर्ष पुगेको नेपाली नागरिक लिम्बू

ख) किरात याक्थुङ चुम्लुङको सदस्यता लिएको लिम्बू

ग) किरात याक्थुङ चुम्लुङ र कोषको उद्देश्य मान्ने लिम्बू

घ) जापानमा काम गरेको वा काम गरेर फेर्केका लिम्बू लिम्बू

७. सदस्यता शुल्क : सदस्यता शुल्क प्रतिव्यक्ति प्रति महीना रु १०० (एक सय रुपैयां मात्र) हुनेछ।

८. सदस्यताको समाप्ती :

क) राजिनामा गरेमा,

ख) मृत्यु भएमा,

ग) नैतिक पतन ठहरिने फौजदारी अपराध गरेको अदालतबाट प्रमाणित भएमा
घ) कोषको रकम हिनामिना गरेको प्रमाणित भएमा,
ङ) कोषको नियम, विनियम विपरीत कार्य गरे गराएको भनी साधारण सभाले कारबाही गरेमा ।

## परिच्छेद ४
## साधारण सभा, सञ्चालक समिति सम्बन्धी व्यवस्था

९. साधारण सभा :
क) कोषको एक साधारण सभा हुनेछ ।
ख) साधारण सभा वर्षमा १ पटक बस्नेछ ।
ग) साधारण सभा संचालक समितिले बोलाउनेछ ।
घ) साधारण सभाको अध्यक्षता किरात याक्थुङ चुम्लुङको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा कोषको संचालक समितिको अध्यक्षले नै गर्नेछ ।
ङ) कोषको नियम ६ अन्तर्गत सदस्यता प्राप्त गर्ने कोषको सम्पूर्ण सदस्यहरु र संचालक समितिका पदाधिकारी एवम सदस्यहरु साधारणसभाको सहभागी हुनेछन ।

१०. साधारण सभाको काम, कर्तव्य र अधिकार :
क) संचालक समितिले पेश गरेको प्रगति तथा आर्थिक प्रतिवेदन (लेखापरीक्षण सहित) छलफल गरी पारित गर्ने
ख) संचालक समितिको कामकारबाहीलाई मूल्याङकन गरी निर्देशन दिने
ग) वार्षिक कार्य योजना तथा बजेट पारित गर्ने
घ) संचालक समितिको निर्वाचन गर्ने

११. संचालक समितिको गठन :
क) अध्यक्ष १, उपाध्यक्ष २, सचिव १, सह सचिव १, कोषाध्यक्ष १, सहकोषाध्यक्ष १, सदस्यहरू ३ जनादेखि ९ जनासम्मको हुने गरी बढीमा १५ जनासम्मको सञ्चालक समिति हुनेछ ।
ख) संचालक समितिको पदावधि ३ वर्षको हुनेछ ।

१२. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :
क) दैनिक कार्य संचालन गर्ने गराउने,
ख) साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने,
ग) वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गरी साधारण सभामा पेश गर्ने,
घ) आर्थिक कोष संचालन तथा व्यवस्थापन गर्ने
ङ) लेखापरीक्षकबाट परीक्षण गराई सोको प्रतिवेदन साधारण सभामा पेश गर्ने
च) आवश्यकता अनुसार कार्य समूह/कार्यदल बनाउने
छ) विनियमहरुको तयार गरी स्वीकृतार्थ साधारण सभामा पेश गर्ने,
ज) विनियम बमोजिम कर्मचारीहरुको व्यवस्थापन गर्ने,
छ) अन्य तोकिएको कार्य गर्ने गराउने

## परिच्छेद ५
## बैठक तथा निर्णय

१३. साधारण सभाको बैठक तथा निर्णय :

क. साधारण सभा किरात याक्थुङ चुम्लुङ अध्यक्षको रायमा संचालक समितिले तोके बमोजिम वर्षको १ पटक बस्नेछ ।

ख. साधारण सभाको बैठकको अध्यक्षता किरात याक्थुङ चुम्लुङको अध्यक्षले गर्नेछ ।

ग. कुल सदस्य संख्या मध्ये ५१ प्रतिशत संख्या उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या मानिनेछ ।

घ. बहुमतको निर्णयलाई साधारण सभाको निर्णय मानिनेछ । मत बराबर भएमा साधारण सभाको अध्यक्षले निर्णायक मत दिनेछ ।

ङ. साधारणसभाको निर्णय साधारणसभाको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गर्नुपर्नेछ ।

च. साधारण सभाको बैठक सम्बन्धी अन्य कार्य विधि साधारण सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. संचालक समितिको बैठक तथा निर्णय :

क. संचालक समितिको बैठक प्रत्येक ३ (तीन) महिनामा एक पटक बस्नेछ । तर परिस्थितिवश उल्लेखित समय अनुसार बैठक बस्न नसकेमा १५ दिन भन्दा नबढने गरी संचालक समितिको अध्यक्षले उक्त बैठकको मितिलाई अगाडि पछाडि सार्न सक्नेछ ।

ख. आवश्यकता अनुसार कुनै पनि समयमा अध्यक्षले संचालक समितिको बैठक बोलाउन सक्नेछ ।

ग. बहुमतको निर्णयलाई संचालक समितिको निर्णय मानिनेछ । मत बराबर भएमा संचालक समितिको अध्यक्षले निर्णायक मत दिनेछ ।

ङ. संचालक समितिको निर्णय साधारण सभाको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गर्नुपर्नेछ ।

## परिच्छेद ६
## सञ्चालक समितिको पदाधिकारी एवं सदस्यहरूको काम, कर्तव्य र अधिकार

१५. सञ्चालक समितिको पदाधिकारी एवं सदस्यहरूको काम, कर्तव्य र अधिकार :

क. अध्यक्ष :

१) कोषको प्रमुखको हैसियतले प्रतिनिधित्व गर्ने ।

२) बैठक तथा सभाको अध्यक्षता गर्ने ।

३) चल, अचल सम्पत्तिको सुरक्षा, संरक्षण एवं सम्बर्द्धन गर्ने, गराउने ।

४) कागजातहरू अध्यावधिक रूपमा राख्ने, राख्न लगाउने ।

५)	पारित निर्णयहरू कार्यान्वयन गर्ने, गर्न लगाउने
६)	बैठक तथा सभामा बराबर मत भएमा निर्णायक मत दिने,
७)	कोषको कागजात प्रमाणित गर्ने ।

ख.	उपाध्यक्ष :
१)	अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।
२)	तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

ग.	सचिव :
१)	बैठक बोलाउने ।
२)	दैनिक कार्य संचालन गर्ने
३)	वार्षिक प्रतिवेदन बनाउने ।
४)	बैठकबाट पारित निर्णयहरू कार्यान्वयन गर्ने ।
५)	सम्पूर्ण कागजातहरू अद्यावधिक राख्ने, राख्न लगाउने ।

घ.	सहसचिव
१)	सचिवको अनुपस्थितिमा निजको कार्य गर्ने ।
२)	तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

ङ.	कोषाध्यक्ष
१)	आर्थिक आय विवरण राख्ने
२)	आर्थिक प्रतिवेदन तयार गर्ने
३)	वार्षिक बजेट तयार गर्ने
४)	अन्य तोकिएको कार्य गर्ने

च.	सहकोषाध्यक्ष
१)	कोषाध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।
२)	तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

छ.	सदस्य
१) बैठकमा नियमित उपस्थित भई निर्णयमा भाग लिने
२) अन्य तोकिएको काम गर्ने

## परिच्छेद ७
## आर्थिक कोष, लेखा र लेखापरीक्षण

१६.	कोषको देहाय बमोजिम संकलित रकम आर्थिक कोष मानिने छ ।
क)	सदस्यता वितरणबाट प्राप्त रकम
ख)	किरात याक्थुङ चुम्लुङबाट प्राप्त अनुदान रकम
ग)	स्वदेशी तथा विदेशी संघसंस्था वा व्यक्तिबाट प्रात सहयोग तथा अनुदान रकम
घ)	अन्य विविध श्रोत

१७.	कोषले गर्नुपर्ने सबै खर्चहरु नियम १६ बमोजिम संकलित कोषबाट व्योहोरिनेछ ।
क.	कोषलाई प्राप्त हुने सबै रकमहरु कोषको नाममा तोकिएको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

ख. कोषको खाता संचालन सञ्चालक समितिको अध्यक्ष र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

१८. लेखा र लेखापरीक्षण :

क) कोषले आयव्ययको लेखा दुरुस्त राख्नुपर्नेछ ।

ख) लेखापरीक्षण साधारण सभाले नियुक्त गरेको लेखापरीक्षकबाट हुनेछ ।

ग) प्रत्येक वर्ष लेखापरीक्षण गरी राख्नुपर्नेछ ।

## परिच्छेद ८
## विविध

१९. विनिमय बनाउने अधिकार : आवश्यक विनियम बनाउन सकिनेछ र त्यस्ता विनियमहरु कोषको साधारण सभाले स्वीकृत गरेपछि मात्र लागू हुनेछ ।

२०. अविश्वासको प्रस्ताव : कोषको सम्पूर्ण सदस्य संख्याको दुइ तिहाइ सदस्यहरुले कुनै पनि पदाधिकारीमाथि वा संचालक समिति उपर विशेष सभाको आह्वान गरी अविश्वासको प्रस्ताव पारित गर्न सक्नेछ ।

२१. वार्षिक प्रतिवेदन दिनुपर्ने : कोषले प्रत्येक वर्ष वार्षिक प्रगति र आर्थिक प्रतिवेदन (लेखापरीक्षण सहित) किरात याक्थुङ चुम्लुङ, केन्द्रीय कार्यालयलाई बुझाउनुपर्नेछ ।

२२. बाधा, अड्काउ, फुकाउ : कोषको नियमले समेटन नसकेका कुराहरु प्रष्ट पार्न र व्याख्या गर्ने अन्तिम अधिकार किरात याक्थुङ चुम्लुङमा रहनेछ ।

२३. विघटन : नियम बमोजिम कोष संचालन हुन नसकेमा वा कुनै कारणवश कोष विघटन भएमा कोषको सम्पूर्ण चल अचल सम्पत्ति किरात याक्थुङ चुम्लुङको हुनेछ ।

२४. खारेजी र बचाउ :

क) विदेश जापानमा गतः २०५५ साल कार्तिक १ गतेदेखि लागू हुने गरी तर्जुमा भएको याक्थुङ सहयोग कोष, जापानको विधान, २०५५ खारेज गरिएको छ ।

ख) उल्लेखित विधान बमोजिम भए, गरेका सबै काम, कारवाहीहरू यसै नियमावली बमोजिम भए, गरेको मानिनेछ ।

समाप्त